# राष्ट्रिय सूचना आयोग

**काठमाडौं**

पत्र संख्या ०८३/८४

च. नं. ..................

०१-४५९६५४४

## शुभकामना

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। लोकतन्त्रको प्राणवायुको रूपमा रहेको सूचनाको हकलाई व्यवहारमा उतार्ने तथा यसको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले २०६४ भाद्र ३ गते सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा आएको छ। सोही दिनको स्मरण गर्दै प्रत्येक वर्ष भाद्र ३ गतेलाई 'राष्ट्रिय सूचना दिवस' को रूपमा मनाउँदै आइएको छ।

सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न तथा सुशासनको प्रत्याभूति गराउन सूचनाको हक अपरिहार्य रहेको छ। नागरिकको यस हकको निर्बाध प्रयोगले मात्रै मुलुकमा दिगो विकास र जनमुखी शासन प्रणालीको सुदृढीकरण सम्भव हुन्छ। तसर्थ, सबै सार्वजनिक निकायहरूले कानून बमोजिम समयमै सहजरूपमा सूचना उपलब्ध गराउने संस्कृति बिकास गर्न र आम नागरिकले पनि यस हकको जिम्मेवारपूर्ण तवरले सदुपयोग गर्न राष्ट्रिय सूचना आयोग हार्दिक आह्वान गर्दछ।

अन्त्यमा, राष्ट्रिय सूचना दिवस, २०८३ ले हामी सबैलाई सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि आ-आफ्नो क्षेत्रबाट थप जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बन्न प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित यस सुखद अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय सूचना आयोग<br>त्रिपुरेश्वर, काठमाण्डौ।

२०८३ भदौ ३ गते

info@nic.gov.np www.nic.gov.np @suchanaayog facebook.com/rtinepal